Washington State Department of Social & Health Services
ESA Economic Services Administration

अन्तरिम सहायता सोधभर्ना अधिकारपत्र

Interim Assistance Reimbursement Authorization

सेवाग्राहीको नाम	सामाजिक सुरक्षा नम्बर	सेवाग्राही आइडी नम्बर	टेलिफोन नम्बर

सडकको ठेगाना	सहर	राज्य	जिप कोड

पत्राचार गर्ने ठेगाना	सहर	राज्य	जिप कोड

State भन्नाले Washington State Department of Social and Health Services लाई जनाउँछ। म, मलाई र मेरो भन्नाले माथि नाम उल्लेख गरिएको सेवाग्राहीलाई जनाउँछ। SSA भन्नाले सामाजिक सुरक्षा प्रशासन (Social Security Administration) लाई जनाउँछ। SSI भन्नाले सामाजिक सुरक्षाको पूरक सुरक्षा आय (Social Security Supplemental Security Income) लाई जनाउँछ, जुन एउटा संघीय आय पूरक कार्यक्रम हो। अन्तरिम सहायता (Interim Assistance) भन्नाले पूर्ण रूपमा राज्यको कोषबाट व्यहोरिने र सेवाग्राहीको आधारभूत आवश्यकताहरू पूरा गर्न राज्यद्वारा सेवाग्राहीलाई वा सेवाग्राहीको तर्फबाट प्रदान गरिने नगद भुक्तानीहरूलाई जनाउँछ, जुन पछि प्रारम्भिक वा पुनर्स्थापित SSI भुक्तानीद्वारा दोहोरिन्छ।

यो फारममा हस्ताक्षर गरेर मैले के कुराको अधिकार दिइरहेको छु?

यदि म SSI भुक्तानीहरू प्राप्त गर्न योग्य ठहरिएँ भने, मैले SSA कमिश्नरलाई मेरो पूर्वव्यापी (retroactive) SSI भुक्तानीहरूबाट मैले प्राप्त गरेको राज्यको सार्वजनिक सहायता (State public assistance) को रकम बराबरको रकम राज्यलाई प्रदान गर्न अधिकार दिइरहेको छु भन्ने म बुझ्दछु।

के राज्यसँग मलाई यो अधिकारपत्रमा हस्ताक्षर गर्न लगाउने अधिकार छ?

हो। WAC 388-400-0060 र RCW 74.62.030 अनुसार यो अधिकारपत्रमा हस्ताक्षर गर्नु राज्यको कोषबाट उपलब्ध गराइने नगद सहायताको लागि एउटा योग्यताको मापदण्ड हो। यदि मैले यो अधिकारपत्रमा हस्ताक्षर गर्न अस्वीकार गरेँ भने, मैले राज्यको सार्वजनिक सहायता (State public assistance) प्राप्त गर्न सक्दिनँ।

यदि SSA ले मलाई पूर्ण पूर्वव्यापी (retroactive) भुक्तानी पठायो भने मैले के गर्ने?

मैले एउटै समयावधिका लागि राज्यको सार्वजनिक सहायता (State public assistance) र SSI सुविधाहरू प्राप्त गर्न सक्दिनँ भन्ने म बुझ्दछु। SSI को लागि स्वीकृत भएपछि, राज्यको सार्वजनिक सहायता एउटा ऋण (debt) बन्छ जुन मैले तिर्नुपर्ने हुन्छ भन्ने म बुझ्दछु। यदि मैले राज्यलाई तिर्नुपर्ने रकम कटौती नगरिएका SSI पूर्वव्यापी भुक्तानीहरू प्राप्त गरेँ भने, म 1-800-562-6114 मा Office of Financial Recovery लाई कल गर्नेछु र ऋण कसरी तिर्ने भन्ने बारे उनीहरूको निर्देशनहरूको पालना गर्नेछु।

यो अधिकारपत्र कति अवधिसम्म लागू हुन्छ?

यो अधिकारपत्र मान्य हुनको लागि यसमा मैले र राज्यको प्रतिनिधिले हस्ताक्षर गरेको हुनुपर्छ। राज्यले यो प्राप्त गरेको मितिदेखि एक क्यालेन्डर वर्षसम्म यो राज्य र मेरो लागि बाध्यकारी हुनेछ र म त्यो समयभित्र SSI को लागि आवेदन दिन सहमत छु।

जब SSI आवेदन **दर्ता गरिन्छ**, तब यो **अधिकारपत्र निम्न समयसम्म मान्य रहिरहन्छ**:

- मैले मेरो पहिलो SSI भुक्तानी प्राप्त नगरेसम्म; वा
- मैले पुनरावलोकन वा प्रशासनिक पुनरावेदनको लागि अनुरोध दर्ता नगरेको खण्डमा दर्ता गर्न दिइएको अधिकतम समय समाप्त नभएसम्म; वा
- राज्य र म यो अधिकारपत्र समाप्त गर्न सहमत नभएसम्म।

यदि राज्यले मैले यो अधिकारपत्रमा हस्ताक्षर गरेको मितिको 30 दिनभित्र SSA लाई सूचित गरेन भने, यो अधिकारपत्र मेरो लागि बाध्यकारी हुँदैन।

के यो अधिकारपत्रले SSI सुविधाहरूको लागि सुरक्षणात्मक दर्ता (protective filing) को रूपमा काम गर्छ?

गर्छ, यदि मैले पहिले नै SSI आवेदन दर्ता गरेको छैन र मैले यो अधिकारपत्रमा हस्ताक्षर गरेको मितिको 60 दिनभित्र SSI आवेदन दर्ता गरेँ भने, SSA ले यो फारमलाई स्वीकार गर्नुपर्छ र मैले यो अधिकारपत्रमा हस्ताक्षर गरेको मितिलाई मैले SSI को लागि आवेदन दिएको मितिको रूपमा प्रयोग गर्नुपर्छ। यदि मैले 60 दिनभित्र SSI सुविधाहरूको लागि आवेदन दर्ता गरिनँ भने, यो अधिकारपत्रले मेरो SSI दर्ता मितिलाई अब सुरक्षित गर्दैन।

यदि म यो अधिकारपत्रको सम्बन्धमा राज्यले गरेको कुनै कारबाहीसँग असहमत छु भने, मसँग प्रशासनिक सुनुवाइ (Administrative Hearing) को अधिकार छ।

सेवाग्राहीको हस्ताक्षर	मिति

DSHS प्रतिनिधिको हस्ताक्षर	DSHS ले प्राप्त गरेको मिति

Barcode label

18235